# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क २
(२०८० चैत १९ गतेदेखि २०८१ असार १६ गतेसम्म)


## लुम्बिनी प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

सन् २०२४ (अप्रिल देखि जुनसम्म) मा लुम्बिनी प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई हेर्ने हो भने अन्यपक्षबाट महिला तथा बाल अधिकार हनन् बाहेक राज्यपक्षबाट उल्लङ्घनका घटनाहरू उल्लेखनीय र गम्भीर प्रकृतिका भएनन्।

तथापि अन्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूमा महिला तथा बालबालिका पीडित भएका छन्। विशेष गरी महिला तथा बालिकाहरू बलात्कार तथा यौन जन्य हिंसाका घटनामा पीडित भएका छन्। यो अवधिमा चार वर्षीया बालिका र ६६ वर्षीया ज्येष्ठ नागरिकसम्म यौनजन्य हिंसाबाट पीडित भए।

यस तीन महिनाको अवधिमा प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ४ सय ७० जना महिला र बाल अधिकारका घटनामा एक जना बालक सहित ८४ जना बालिका पीडित भए। राज्यपक्षबाट कुटपिट, घाइते र अभिव्यक्ति स्वतन्त्रताको अधिकार उल्लङ्घनको घटनामा १३ जना पीडित भए। यस अवधिमा एक जनाको कारागारमा मृत्यु भयो।

यसैगरी अन्यपक्षबाट पुरुष, महिला र बालिका गरी ५ सय ८८ जना पीडित भए। अभिलेखित घटना अनुसार ११ जना महिलासहित १५ जनाको हत्या भयो। यसैगरी कुटपिटबाट पाँच जना, अमानवीय व्यवहारबाट तीन जना महिला सहित आठ जना, घाइतेबाट तीन जना र धम्किबाट दुई जना पीडित भए। यो अवधिमा बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालक सहित ८४ जना पीडित भए। जसमध्ये ५८ जना बालिका बलात्कार, तीन जना बालिका बेचबिखन, दुई जना बालिका बालविवाहबाट पीडित, एक जना बालकसहित २१ जना बालिका यौन दुर्व्यवहारबाट पीडित भए।

यसैगरी सबै भन्दा बढी महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय ७० जना महिला पीडित भए। जसमध्ये २८ जना बलात्कार, एक जना बलात्कार प्रयास, ४ सय ३० जना महिला घरेलु हिंसा, एक जना 'बोक्सी'को आरोप, ६ बहुविवाह, दुई जना मानव बेचबिखन तथा ओसारपसार प्रयास र दुई जना मानव बेचबिखन तथा ओसारपसारका घटनामा पीडित भए।

यसअघि विभिन्न प्रकारका मानव अधिकार तथा ज्यादतीका घटनामा संलग्न आरोपितहरूमाथि पनि कानुनी कारबाही हुन नसक्नु लगायतका कारणले ज्यादतीका घटना कम हुन सकेको छैन। महिला र बालबालिका माथि हुने हिंसाका घटना न्यूनीकरणका लागि स्थानीय सरकारले पनि स्पष्ट नीति ल्याउन नसक्नु तथा रोजगारीको अवसर नहुनु तथा बेरोजगार जनशक्ति बढ्नुले पनि महिला र बालबालिका माथि हुने हिंसा बढेर गएको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा संलग्न पीडितहरूको व्यक्तिगत अभिलेखबाट देखिन्छ। न्यायिक तथा सुरक्षा निकायलाई सबल तथा सक्षम बनाउने, आमनागरिकलाई उनीहरूका कर्तव्य बोध गराउनेलगायतका काममा स्थानीय

तहको क्षमता विकास गराउनु आजको आवश्यकता देखिन्छ । साथै स्थानीय सरकारलाई मानव अधिकार रक्षाका लागि जिम्मेवार बनाउन सके मात्रै आम नागरिकको अधिकार सुनिश्चित हुन सक्ने कुरामा दुई मत छैन ।

स्थानीय स्तरमा समन्वय सहकार्यका माध्यमबाट मानव अधिकारको संरक्षण र सम्बर्धन गर्नुपर्ने कतिपय सवालहरुमा राज्य चुकिरहेको देखिन्छ, त्यसको ज्वलन्त उदाहरणका रुपमा मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई लिन सकिन्छ। लुम्बिनी प्रदेश सरकारले हालसम्म पनि मानव अधिकार पाँचौँ राष्ट्रिय कार्ययोजना अनुगमन समिति बनाउन नसक्दा सङ्घीय सरकारले अवलम्बन गरेको मानव अधिकार सम्बन्धि पाँचौ राष्ट्रिय कार्ययोजना अलपत्र परेको छ। कार्ययोजनालाई स्थानीय तहसम्म पुऱ्याउनुपर्ने स्थानीय निकायहरुको जिम्मेवारी भए तापनि अधिकांश स्थानीय तहहरुले उक्त समिति गठन गर्ने इच्छाशक्ति प्रकट गरेको पाइएन, यो अवधिमा विभिन्न जिल्लाहरुमा हत्या, चोरी, डकैती, असुरक्षा, घरेलु हिंसाका घटनाहरु दोहोरिरहे । स्थानीय प्रहरी प्रशासनका गलत गतिविधिहरुका बारेमा पत्रपत्रिकामा प्रकाशित समाचारलाई लिएर स्थानीय प्रहरी, प्रशासनबाट समेत पत्रकारहरु पीडित हुनु परेका घटनाले मानव अधिकारकर्मीहरुलाई समेत दुःखी बनायो । वर्षौंदेखि आफ्नो न्यायका लागि छटपटिरहेका सशस्त्र द्वन्द्वपीडितहरु अझैपनि झिनो न्यायका आशाका साथ सरकारसामु याचना गरिरहेको पाइयो। समग्रमा लुम्बिनी प्रदेशको मानव अधिकार विगतको तुलनामा खासै प्रगति भएको पाइएन।

**भोला महत**

प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या

(अप्रिल–जुन २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | ४ | ९ | १३ | २ | १ | ३ | १६ |
| धम्की | | | | १ | १ | २ | २ |
| कुटपिट | | | | ३ | २ | ५ | ५ |
| बाल अधिकार | | | | ८३ | १ | ८४ | ८४ |
| अमानवीय व्यवहार | | | | ३ | ५ | ८ | ८ |
| हत्या | | | | ११ | ४ | १५ | १५ |
| भेला तथा सङ्गठित हुने अधिकार | | | | | १ | १ | १ |
| कारागारमा मृत्यु | | १ | १ | १ | | १ | १ |
| महिला अधिकार | | | | ४७० | | ४७० | ४७० |
| जम्मा | ४ | १० | १४ | ५७३ | १५ | ५८८ | ६०२ |

# लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० चैत १९ गतेदेखि २०८१ असार १६ गतेसम्म)

### कारागारमा मृत्यु

**बाँके**

नेपालगञ्ज उपमहानगरपालिका-८, महेन्द्रपार्क घर भई जिल्ला कारागार, नेपालगञ्जमा सजाय भोगिरहेका ६६ वर्षीय अब्दुल बारी जोलाहको हृदयघातबाट भेरी अस्पताल, नेपालगञ्जमा उपचार गराउन गएका बखत ०८० चैत २१ गते मृत्यु भयो। जिल्ला अदालतबाट जबरजस्ती करणी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका मृतक जोलाहलाई पेट दुखेको कुरा बताएपछि उपचारका लागि भेरी अस्पताल, नेपालगञ्ज पु ऱ्याउँदा बाटोमा मृत्यु भएको कारागार प्रमुख अर्जुनजङ्ग शाहले बताए। शवको पोष्टमार्टम चैत २१ गते भेरी अस्पताल, नेपालगञ्जमा गरी सोही दिन मृतकको परिवारले शव बुझेर आफ्नो परम्परा अनुसार सद्गतका लागि लगेको भेरी अस्पतालका डा. अरबिन्द शाहले जानकारी दिए।

### कुटपिट/दुर्व्यवहार

**कपिलवस्तु**

कपिलवस्तु नगरपालिकाका मेयर ४६ वर्षीय सुदिप पौडेलमाथि ०८१ वैशाख ४ गते दुर्व्यवहार गरेको भन्दै सोही नगरपालिकाकी उपमेयर ३८ वर्षीया सुनिता गुप्ताविरुद्ध पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। कपिलवस्तु नगरपालिकाको सभाहलमा १५ औँ नगरसभाको बैठक सञ्चालन भइरहेको अवस्थामा नगर उपप्रमुखले पूरक विनियोजन विधेयक ०८० बैठकमा पेश गर्ने क्रममा अचानक उत्तेजित भइ बैठकका अध्यक्ष तथा नगर प्रमुख सुदिप पौडेललाई जुत्ता प्रहार गरी दुर्व्यवहार गरेकी थिइन्। उपमेयर गुप्ताले निर्वाचित भए पश्चात लगातार विवादित बन्दै निर्वाचित प्रतिनिधिलाई समेत काम कारवाहीमा असहजता पैदा गर्दै आएको र सुशासन कायम गर्न निहुँमा नगरका सबै शाखा, उपशाखाहरूमा हुने काममा रोकावट पैदा गर्ने, अवरोध सिर्जना गर्ने गरेकी थिइन्। घटना पश्चात आरोपित फरार भएको हुँदा खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरिबहादुर वलिले बताए।

**दाङ**

मोही हक कार्यान्वयनको माग गर्दै ०८१ जेठ २० गते जिल्ला मालपोत र भुमिसुधार कार्यालयमा तालाबन्दी गर्न गएका घोराही उपमहानगरपालिका-१ का ३८ वर्षीय फूलमान चौधरी, ३६ वर्षीय रुपनारायण चौधरी, २७ वर्षीय तुलसी चौधरी, २६ वर्षीया सुनिता चौधरी, २२ वर्षीय सुशील चौधरी, ५० वर्षीय दुर्गाप्रसाद चौधरी, लमही नगरपालिका-३ की ३३ वर्षीया गंगावती चौधरी, ५० वर्षीय विष्णुप्रसाद चौधरी, ३२ वर्षीय सत्यनारायण चौधरी, लमही नगरपालिका-४ का ५२ वर्षीय देवराज चौधरी, लमही नगरपालिका-७ की ३६ वर्षीय कृष्णी चौधरी र घोराही उपमहानगरपालिका-१४ का ५५ वर्षीय महेन्द्र चौधरीलाई प्रहरीले धरपकड गऱ्यो। भिड नियन्त्रण गर्न भन्दै १० सेल अश्रुग्याँस प्रहार गरेको प्रहरीले लाठी प्रहार गर्दा १२ जना आन्दोलनकारी घाइते भए। टाउको, खुट्टा, हात, छातीमा गहिरो चोट लागेका घाइतेहरुको जेठ २० गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरिएको गुठीपीडित संघर्ष समिति दाङका सचिव प्रविण चौधरीले बताए। आन्दोलनकारीले दिनभर मालपोत र भुमिसुधार कार्यालय घेराउ गर्दै सेवा अवरुद्ध गर्दा सेवाग्राही मर्कामा परे।

तुलसीपुर उपमहानगरपालिका-१३ घर भइ राजपुर गाउँपालिका-७ स्थित मावि सिक्टामा कार्यरत प्रधानाध्यापक ४१ वर्षीय विष्णु खत्रीलाई ०८१ वैशाख ३१ गते कुटपिट गरेको भन्दै राजपुर गाउँपालिका-७ का वडा सदस्य ४० वर्षीय प्रमोद बस्नेतविरुद्ध पीडित पक्षले जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। वडाध्यक्ष पुस्कर वलीसँग शैक्षिक विषयमा छलफल भइरहेका बेला वडा सदस्यले कुटपिट गरेको पीडितले बताए। पीडितको उपचार वैशाख ३१ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। घटनाका आरोपित फरार रहेकोले अनुसन्धान भइरहेको प्रहरीले जनायो।

### बाल अधिकार

#### हत्या

**रुपन्देही**

कञ्चन गाउँपालिका-५ की १७ वर्षीया बालिका

अञ्जली धर्ती क्षेत्रीको ०८१ वैशाख ४ गते घुम्न जाउँ भन्दा भनेको नमानेको भन्दै बुटवल उपमहानगरपालिका-९ स्थित मालिका होटल एण्ड लजमा लगेर फलामको रडले हानेर हत्या गरेको भन्दै बुबा ४८ वर्षीय नारायणबहादुर घर्ती क्षेत्रीविरुद्ध पीडित पक्षले वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ६ गते गिरफतार गऱ्यो। शवको पोष्टमार्टम वैशाख ६ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। मृतकका परिवारले सोही दिन शव बुझी सदगत् गरे। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख २२ गते सरकारी वकिल कार्यालय मार्फत हत्या गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

## बेचबिखन तथा ओसार पसार

### बाँके

१७ वर्षीया बालिकालाई ०८१ वैशाख ६गते जागिरको प्रलोभन देखाएर बेचबिखन तथा ओसार पसार गरेको भन्दै दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिका-१३ बस्ने २३ वर्षीय बसन्त विकविरुद्ध पीडित पक्षलेवैशाख १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १३ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपित हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए।

## बलात्कार, यौनदुर्व्यवहार

### प्युठान

१५ वर्षीया बालिकालाई ०८१ वैशाख १ गते बलात्कार गरेको भन्दै झिमरुक गाँउपालिका-७ का २६ वर्षीय नविन जिसीविरुद्ध पीडित पक्षले वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २ गते जिल्ला अस्पताल, बिजुवारमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख १८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### गुल्मी

११ वर्षीया बालिकालाई ०८१ वैशाख ११ गते बलात्कार गरेको भन्दै ७९ वर्षीय हजुरबुबाविरुद्ध पीडित पक्षले वैशाख ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपिलाई वैशाख १२ गते गिरफतार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १२ गते गुल्मी अस्पताल, तम्घासमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जेठ १ गते जबर्जस्ती करणी गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ जेठ १३ गते यौन दुर्व्यवहार गरेको भन्दै सन्धिखर्क नगरपालिका-१०, धरमपानीका ५६ वर्षीय माधवप्रसाद आचार्यविरुद्ध पीडित पक्षले जेठ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते अर्घाखाँची अस्पताल, सन्धिखर्कमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ २७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २७ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

### अर्घाखाँची

१० वर्षीया बालिकालाई ०८१ जेठ २८ गते बलात्कार गरेको भन्दै मालारानी गाउँपालिका-२, डाँडाकटेरी साइट टोलका १८ वर्षीय विशाल नेपालीविरुद्ध पीडित पक्षले जेठ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २९ गते अर्घाखाँची अस्पताल, सन्धिखर्कमा भयो। प्रहरीले आरोपितविरुद्ध असार १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बाल सुधार गृह, भैरहवामा पठायो।

### पाल्पा

१६ वर्षीया बालिकालाई ०८१ जेठ ३ गते बलात्कार गरेको भन्दै रामपुर नगरपालिका-२ का २५ वर्षीय बिक्की दमाईविरुद्ध पीडित पक्षले जेठ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २५ गते पाल्पा अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध असार १९ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका

न्यायाधीश दलबहादुर केसीको असार १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ जेठ २६ गते बलात्कार गरेको भन्दै रिब्दीकोट गाउँपालिका-५, नयाटोल बस्ने ३६ वर्षीय बृहस्पती पचभैयाविरुद्ध पीडित पक्षले जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २८ गते पाल्पा अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध असार २० गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको असार २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**नवलपरासी पश्चिम**


चार वर्षीया बालिकालाई ०८० चैत २५ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत्र २६ गते इलाका प्रहरी कार्यालय, बर्दघाटमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत्र २५ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा वैशाख १४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि भैरहवास्थित बाल सुधार गृहमा पठायो।

१७ वर्षीया बालिकालाई ०८० माघ २३ गते बलात्कार गरेको भन्दै कपिलवस्तु जिल्लाको शुद्धोधन गाउँपालिका-७, बनौलीका २३ वर्षीय दिपक कुमार प्रजापति कोँहारविरुद्ध पीडित पक्षले ०८१ वैशाख १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १७ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार रहेका छन्।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख १५ गते बलात्कार गरेको भन्दै भारत उत्तरप्रदेश ठूठीबारी बजार बस्ने २१ वर्षीय विशाल गौडविरुद्ध पीडित पक्षले जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २७ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म प्रहरीको हिरासतमा छन्।

नौ वर्षीया बालिकालाई ०८० चैत २७ गते यौन दुर्व्यवहार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय, बर्दघाटमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २७ गते गिरफ्तार गऱ्यो।

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (अप्रिल–जुन २०२४)**




पीडितको स्वास्थ्य परीक्षण चैत २७ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा वैशाख १४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १६ गतेको आदेशले आरोपित नाबालक भएकोले अभिभावको जिम्मा लगायो।

१४ वर्षीया बालिकालाई ०८० चैत २६ गते यौन दुर्व्यवहार गरेको भन्दै १६ वर्षीय र १७ वर्षीय दुई जना बालकहरुविरुद्ध पीडित पक्षले चैत्र २७ गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २७ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा वैशाख २१ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद अधिकारीको वैशाख २३ गतेको आदेशले आरोपितहरुलाई पुर्पक्षको लागि भैरहवास्थित बाल सुधार गृहमा पठायो।

१५ वर्षीया बालिकालाई ०८० चैत १३ गते यौन दुर्व्यवहार गरेको भन्दै २५ वर्षीय काकाविरुद्ध पीडित पक्षले चैत १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १७ गते पृथ्वीचन्द्र जिल्ला

अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा चैत २६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८० चैत २६ गते यौन दुर्व्यवहार गरेको भन्दै १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत २७ गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत्र २७ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा वैशाख १६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १७ गतेको आदेशले आरोपित नाबालक भएकोले अभिभावकको जिम्मा लगायो।

१६ वर्षीया बालिकालाई ०८० फागुन २१ गते यौन दुर्व्यवहार गरेको भन्दै रामग्राम नगरपालिका-८, घनश्यामपुरका २५ वर्षीय भुनेश्वर यादवलेविरुद्ध पीडित पक्षले फागुन ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३० गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार छन्। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा ०८१ जेठ २२ गते मुद्दा दर्ता गरेको छ।

**रुपन्देही**

१५ वर्षीया बालिकालाई ०८० चैत १९ गते बलात्कार गरेको भन्दै कञ्चनपुर जिल्लाको वेलौरी नगरपालिका-५ स्थायी घरभई बुटवल उपमहानगरपालिका-११ बस्ने ३० वर्षीय हरिलाल चौधरीविरुद्ध पीडित पक्षले चैत २० गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २० गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख १८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई चैत २१ गते बलात्कार गरेको भन्दै गुल्मी जिल्लाको मदाने गाउँपालिका-२ स्थायी घरभई प्रहरी चौकी गोरट्टा रुपन्देहीमा कार्यारत प्रहरी जवान २६ वर्षीय विनोद भुसाल र अर्घाखाँची जिल्ला छत्रकोट गाउँपालिका-३ स्थायी घरभई तिलोत्तमा नगरपालिका-६, पश्चिम पौने बस्ने ३८ वर्षीय रवि पाण्डेविरुद्ध पीडित पक्षले चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले चैत २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २६ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख १८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २१ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

आठ वर्षीया बालिकालाई ०८१ वैशाख १० गते बलात्कार गरेको भन्दै देवदह नगरपालिका-१२ का ५१ वर्षीय गणेशमान थारुविरुद्ध पीडित पक्षले वैशाख १९ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई वैशाख १९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १९ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ ७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

११ वर्षीया बालिकालाई ०८१ वैशाख २० गते बलात्कार गरेको भन्दै कञ्चन गाउँपालिका-४, रुद्रपुरका २७ वर्षीय प्रेम थापा र सोही ठाउँकै १९ वर्षीय छवि थापाविरुद्ध पीडित पक्षले वैशाख २२ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा उजुरी दियो। आरोपितलाई वैशाख २३ गते रुद्रपुरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २२ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ ११ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते बलात्कार गरेको भन्दै सुद्धोधन गाउँपालिका-५, खजुरियाका २४ वर्षीय श्रीराम थारुविरुद्ध पीडित पक्षले जेठ ६ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा उजुरी दियो। आरोपितलाई जेठ ६ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ६ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ २८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते बलात्कार गरेको भन्दै सुद्धोधन गाउँपालिका-५, खजुरियाका १९ वर्षीय निशान्त थारुविरुद्ध पीडित पक्षले जेठ ६ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा उजुरी दियो। आरोपितलाई जेठ ६ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ६ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ २८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख १ गते बलात्कार गरेको भन्दै सम्मरीमाई गाउँपालिका-२ का २२ वर्षीय अस्लाम मुसलमानविरुद्ध पीडित पक्षले वैशाख १० गते इलाका प्रहरी कार्यालय, मर्चवारमा उजुरी दियो। आरोपितलाई जेठ ९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १० गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ २२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ जेठ १२ गते बलात्कार गरेको भन्दै जिल्ला नवलपरासी बर्दघाट सुस्ता पश्चिम सुनवल नगरपालिका-१, नवलपरासीका २७ वर्षीय राहुल विकविरुद्ध पीडित पक्षले जेठ १४ गते नै इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई जेठ १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते नै लुम्बिनी अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार ५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ जेठ १४ गते बलात्कार गरेको भन्दै उत्तर प्रदेश राज्य भारत भइ नेपाल धुम्न आएका २५ वर्षीय विराट शर्मा र बुटवल उपमहानगरपालिका-४, लक्ष्मीनगरकी २३ वर्षीय स्नेहा गुप्ताविरुद्ध पीडित पक्षले जेठ २४ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई जेठ २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २४ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ ३२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ जेठ १२ गते बलात्कार गरेको भन्दै मायादेवी गाउँपालिका-१, ओइरोइलीका २५ वर्षीय धर्मराज कुर्मीविरुद्ध पीडित पक्षले जेठ २८ गते उजुरी दर्ता दियो। आरोपितलाई जेठ ३२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २४ गते नै भिम अस्पताल, भैहरवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार १७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ जेठ २१ गते बलात्कार गरेको भन्दै लुम्बिनी साँस्कृतिक नगरपालिका-१, खुनगाईका २० वर्षीय विशाल कुर्मीविरुद्ध पीडित पक्षले जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई जेठ २७ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २४ गते नै लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार २० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१० वर्षीया बालिकालाई ०८१ जेठ ३१ गते बलात्कार गरेको भन्दै बुटवल उपमहानगरपालिका-८, सुख्खानगरका ४८ वर्षीय एकबहादुर रानाविरुद्ध पीडित पक्षले जेठ १ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ३२ गते लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार २३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

चार वर्षीया बालिकालाई ०८१ असार ५ गते बलात्कार गरेको भन्दै गुल्मी जिल्ला मुसीकोट नगरपालिका-३ स्थायी घरभई तिलोत्तमा नगरपालिका-६, गोरकट्टका ४० वर्षीय करण थापाविरुद्ध पीडित पक्षले असार ८ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार ८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार ७ गते नै लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

१४ वर्षीया बालिकालाई अन्तिम पटक ०८१ जेठ १० गते बलात्कार गरेको भन्दै ३७ वर्षीय बुबाविरुद्ध पीडित पक्षले असार १३ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १३ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

१४ वर्षीया बालिकालाई ०८१ असार १४ गते बलात्कार गरेको भन्दै मायादेवी गाउँपालिका-१, आइरोइलीका २३ वर्षीय दुर्गेश चमारविरुद्ध पीडित पक्षले असार १७ गते इलाका प्रहरी कार्यालय, लुम्बिनीमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १६ गते भिम अस्पताल, भैरहवामा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

१६ वर्षीया बालिकालाई ०८१ जेठ ३१ गते बलात्कार गरेको भन्दै सिद्धार्थनगर नगरपालिका-५, हाटबजारका २० वर्षीय ओमजित भन्ने पंजित लोनियाविरुद्ध पीडित पक्षले असार १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार १६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १६ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार २१ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ जेठ १५ गते बलात्कार गरेको भन्दै सिद्धार्थनगर नगरपालिका-१, बेलहियाका ५४ वर्षीय राम बहादुर नेपाली, सोही ठाउँका २४ वर्षीय कमल नेपाली र १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले असार १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले असार १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १६ गते नै भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितहरुविरुद्ध ०८१ असार २१ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २३ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो भने बालकलाई भैरहवास्थित बल सुधार गृहमा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ वैशाख १३ गते बलात्कार गरेको भन्दै जिल्ला पाल्पा माथागढी गाउँपालिका-६ का २६ वर्षीय कृष्ण सारुविरुद्ध पीडित पक्षले वैशाख २५ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २५ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ १७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

११ वर्षीया बालिकालाई ०८० चैत १८ गते यौन दुर्व्यवहार गरेको भन्दै बुटवल उपमहानगरपालिका-११ का ५३ वर्षीय शिवलाल देवकोटाविरुद्ध पीडित पक्षले चैत २० गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २० गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख १२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

आठ वर्षीया बालिकालाई ०८१ वैशाख ३ गते यौन दुर्व्यवहार गरेको भन्दै सिद्धार्थनगर नगरपालिका-३, दरखसवाका ५६ वर्षीय दिपक गुप्ताविरुद्ध पीडित पक्षले वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १७ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ १२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८१ वैशाख १९ गते यौन दुर्व्यवहार गरेको भन्दै बुटवल नगरपालिका-११ का ५३ वर्षीय श्याम देवकोटाविरुद्ध पीडित पक्षले वैशाख १८ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १८ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ १२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख १ गते यौन दुर्व्यवहार गरेको भन्दै मायादेवी गाउँपालिका-४ स्थायी

घरभई बुटवल उपमहनगरपालिका-१४ बस्ने ४१ वर्षीय बुबाविरुद्ध पीडित पक्षले जेठ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ८ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख २९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

दुई वर्षीय बालकलाई ०८१ जेठ १३ गते यौन दुर्व्यवहार गरेको भन्दै सैनामैना नगरपालिका-९ का १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले जेठ १४ गते इलाका प्रहरी कार्यालय, सालझण्डीमा उजुरी दियो।आरोपितलाई प्रहरीले जेठ १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते नै लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ ३२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि भैरहवास्थित बाल सुधार गृहमा पठायो।

१२ वर्षीया र १५ वर्षीया बालिकालाई ०८१ जेठ २३ गते यौन दुर्व्यवहार गरेको भन्दै चितवन जिल्लाको माडी नगरपालिका-३, बसन्तपुर स्थायी घरभई बुटवल उपमहनगरपालिका-११, बुद्धनगर बस्ने ३१ वर्षीय श्याम चौधरी र जिल्ला नवलपरासी रामग्राम नगरपालिका-६, परासीका ३० वर्षीय विजय विकविरुद्ध पीडित पक्षले जेठ २४ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले जेठ २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २४ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितहरुविरुद्ध ०८१ असार १६ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १७ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ जेठ १८ गते यौन दुर्व्यवहार गरेको भन्दै गैडहवा गाउँपालिका-९ महेन्द्रनगरका ५५ वर्षीय रामदास कहारविरुद्ध पीडित पक्षले जेठ २५ गते इलाका प्रहरी कार्यालय, लुम्बिनीमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २६ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २१ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितहरुविरुद्ध ०८१ असार १६ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १७ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

आठ वर्षीया बालिकालाई ०८१ वैशाख ३ गते यौन दुर्व्यवहार गरेको भन्दै सिद्धार्थनगर नगरपालिका-७, पतनजली चोकका ४४ वर्षीय जीवन गुप्ताविरुद्ध पीडित पक्षले वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ९ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितहरुविरुद्ध ०८१ वैशाख ३० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

**कपिलवस्तु**

१७ वर्षीया बालिकालाई ०८१ वैशाख १६ गते बलात्कार गरेको भन्दै यशोधरा गाउँपालिका-५ भगवानपुरका २२ वर्षीय साविर अलि फकिरविरुद्ध पीडित पक्षले वैशाख २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ २५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८० चैत २१ गते बलात्कार गरेको भन्दै मायादेवी गाउँपालिका-१, पकडीका १९ वर्षीय तिरफान अलि मुसलमानविरुद्ध पीडितले वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले वैशाख २९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २९ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ १६ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ जेठ २४ गते बलात्कार गरेको भन्दै कृष्णनगर नगरपालिका-२, कृष्णनगरका १४ वर्षीय बालकविरुद्ध पीडित पक्षले जेठ २७ गते इलाका प्रहरी कार्यालय, कृष्णनगरमा उजुरी दियो। आरारेपितलाई प्रहरीले जेठ २७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २४ गते बहादुरगंज

अस्पताल, बहादुरगंजमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ ११ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई ०८१ असार ७ गते बलात्कार गरेको भन्दै महाराजगंज नगरपालिका-७, बाबुदिहवाका १९ वर्षीय रामप्रकाश यादवविरुद्ध पीडित पक्षले असार ९ गते इलाका प्रहरी कार्यालय, गोरुसिं ेमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार ८ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ ११ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशचन्द्र अधिकारीको जेठ १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, भैरहवामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ जेठ ३१ गते अपहरण गरी शरीर बन्धक बनाई बलात्कार गरेको भन्दै कपिलवस्तु नगरपालिका-३ सिकोटवाका २२ वर्षीय कलिम मुसलमान र सोही ठाउँकै २० वर्षीय दिनेश कुर्मीविरुद्ध पीडित पक्षले असार ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले असार ८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार ७ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितहरुविरुद्ध असार २५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलप्रकाश सापकोटाको असार २६ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ असार १४ गते बलात्कार गरेको भन्दै यशोधरा गाउँपालिका-३, बसन्तपुरका २१ वर्षीय आकाश कलवार र सोही ठाउँकै २२ वर्षीय अवशेष पाण्डेविरुद्ध पीडित पक्षले असार १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले असार १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १६ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

पाँच वर्षीया बालिकालाई ०८० चैत १९ गते यौन दुर्व्यवहार गरेको भन्दै शुद्धोधन गाउँपालिका-६ बस्ने १८ वर्षीय कमलेश चौधरीविरुद्ध पीडित पक्षले चैत १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षाण चैत १९ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। घटना पश्चात आरोपित फरार भएकाले थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरिबहादुर वलिले जानकारी दिए।

पाँच वर्षीया बालिकालाई ०८० चैत १९ गते यौन दुर्व्यवहार गरेको भन्दै सुद्धोधन गाउँपालिका-६, बासखोरका २३ वर्षीय कमलेश चौधरीविरुद्ध पीडित पक्षले चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरिबहादुर वलीले बताए। पीडितको स्वास्थ्य परीक्षण चैत २० गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो।

१४ वर्षीया बालिकालाई ०८१ जेठ १५ गते यौन दुर्व्यवहार गरेको भन्दै वाणगंगा नगरपालिका-६, गणेशपुरका २३ वर्षीय वमबहादुर गन्धर्वविरुद्ध पीडित पक्षले जेठ २१ गते इलाका प्रहरी कार्यालय, पिपरामा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २१ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितहरुविरुद्ध असार १४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलप्रकाश सापकोटाको असार १७ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ जेठ ९ गते यौन दुर्व्यवहार गरेको भन्दै वाणगंगा नगरपालिका-२, कोपवाका ४३ वर्षीय सुर्यबहादुर क्षेत्रीविरुद्ध पीडित पक्षले जेठ २१ गते इलाका प्रहरी कार्यालय, पिपरामा उजुरी दियो। आरोपितलाई जेठ २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १९ गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। प्रहरीले आरोपितहरुविरुद्ध असार १२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलप्रकाश सापकोटाको असार १७ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ असार १८ गते यौन दुर्व्यवहार गरेको भन्दै कपिलवस्तु नगरपालिका-३, बरण्डीहवाका २२ वर्षीय अमरनाथ यादवविरुद्ध असार २० गते इलाका प्रहरी कार्यालय, तौलिहवामा उजुरी दियो। आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरिबहादुर वलीले बताए। पीडितको स्वास्थ्य परीक्षण असार २० गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो।

**दाङ**

सात वर्षीया बालिकालाई ०८१ वैशाख १ गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालकविरुद्ध पीडित पक्षले वैशाख २ गते इलाका प्रहरी कार्यालय, भालुवाङमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०८१ वैशाख २ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख २३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको वैशाख २५ गतेको इजलासले आरोपितलाई अभिभावकको जिम्मा लगायो।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख २० गते बलात्कार गरेको भन्दै राजपुर गाउँपालिका-५ का २० वर्षीय धर्मेन्द्र यादवविरुद्ध पीडित पक्षले वैशाख ३० गते वडा प्रहरी कार्यालय, लमहीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३० गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। घटनाका आरोपित फरार छन्।

चार वर्षीया बालिकालाई ०८१ वैशाख ८ गते बलात्कार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले वैशाख ९ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ९ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ९ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख २३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको वैशाख २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ वैशाख २० गते बलात्कार गरेको भन्दै घोराही उपमहानगरपालिका-१२ का १९ वर्षीय गणेशप्रसाद चौधरीविरुद्ध पीडित पक्षले वैशाख २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ९ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ ८ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०८१ वैशाख ६ गते बलात्कार गरेको भन्दै राजपुर गाउँपालिका-५ का १९ वर्षीय निरञ्जनकुमार यादवविरुद्ध पीडित पक्षले वैशाख ३१ वडा प्रहरी कार्यालय, लमहीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ३१ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३१ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ २१ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८१ वैशाख १४ गते बलात्कार गरेको भन्दै सल्यान घर भइ हाल लमही नगरपालिका-५ बस्ने १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले वैशाख २५ गते वडा प्रहरी कार्यालय, लमहीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २५ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २५ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ १७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ वैशाख २९ गते बलात्कार गरेको भन्दै गढवा गाउँपालिका-६ का १८ वर्षीय समिर बुढामगरविरुद्ध पीडित पक्षले वैशाख ३१ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ३१ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ २७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख ११ गते बलात्कार गरेको भन्दै तुलसीपुर उपमहानगरपालिका-११ का १८ वर्षीय शिखर परियारविरुद्ध पीडित पक्षले वैशाख १६ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १६ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १६ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ ७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०८० चैत १९ गते बलात्कार गरेको भन्दै तुलसीपुर उपमहानगरपालिका-१४ का १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले चैत २० गते

इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २० गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१३ वर्षीया बालिकालाई ०८१ वैशाख २० गते बलात्कार गरेको भन्दै तुलसीपुर उपमहानगरपालिका-६ का १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले वैशाख २१ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ १४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो।

१४ वर्षीया बालिकालाई ०८१ वैशाख ६ गते बलात्कार गरेको भन्दै दंगीशरण गाउँपालिका-२ का २१ वर्षीय डिल्ली भन्ने दिलिप विकविरुद्ध पीडित पक्षले वैशाख ७ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ७ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ २९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

आठ वर्षीया बालिकालाई ०८१ जेठ २१ गते बलात्कार गरेको भन्दै भारतको उत्तर प्रदेश बलरामपुर घर भइ हाल घोराही उपमहानगरपालिका-१७ बस्ने ४४ वर्षीय दीन नाथविरुद्ध पीडित पक्षले जेठ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २२ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध असार ९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ जेठ २३ गते बलात्कार गरेको भन्दै लमही नगरपालिका-६ का २२ वर्षीय राजेन्द्र रावतविरुद्ध पीडित पक्षले जेठ २५ गते वडा प्रहरी कार्यालय, लमहीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ २५ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। घटनाका आरोपित फरार छन्।

१२ वर्षीया बालिकालाई ०८१ जेठ २५ गते बलात्कार गरेको भन्दै गढवा गाउँपालिका-३ का बलिराम यादवविरुद्ध पीडित पक्षले जेठ २७ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २७ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण जेठ २७ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। घटनाका आरोपित प्रहरकिो हिरासतमा छन्।

१३ वर्षीया बालिकालाई ०८१ वैशाख ७ गते यौन दुर्व्यवहार गरेको भन्दै राजपुर गाउँपालिका-३ का २२ वर्षीय लक्ष्मीप्रसाद कुम्हारविरुद्ध पीडित पक्षले वैशाख १४ गते वडा प्रहरी कार्यालय, लमहीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ ६ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ७ गतेको इजलासले आरोपितलाई १ लाख ७५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१६ वर्षीया बालिकालाई ०८१ वैशाख २० गते यौन दुर्व्यवहार गरेको भन्दै शान्तिनगर गाउँपालिका-७ का २३ वर्षीय दामु भन्ने दामुदर पुनविरुद्ध पीडित पक्षले वैशाख २१ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २१ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १४ गतेको इजलासले आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१६ वर्षीया बालिकालाई ०८१ वैशाख १० गते यौन दुर्व्यवहार गरेको भन्दै तुलसीपुर उपमहानगरपालिका-५ का २३ वर्षीय तेजबहादुर विकविरुद्ध पीडित पक्षले वैशाख ११ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ११ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य

परीक्षण वैशाख ११ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ २३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २४ गतेको इजलासले आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

**बाँके**

१६ वर्षीया बालिकालाई ०८१ वैशाख ४ गते बलात्कार गरेको भन्दै नरैनापुर गाउँपालिका-५ बस्ने २३ वर्षीय मनोज कुमार भन्ने धर्मराज यादवविरुद्ध पीडितपक्षले वैशाख ६ गते इलाका प्रहरी कार्यालय, भगवानपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ५ गते इलाका प्रहरी कार्यालय, भगवानपुरले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ५ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा वैशाख ३० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतकोवैशाख ३१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८० चैत २७ गते बलात्कार गरेको भन्दै रुकुम पश्चिम जिल्लाको चौरजहारी नगरपालिका-११ बस्ने ३४ वर्षीय बालकृष्ण घर्तीविरुद्ध पीडित पक्षले वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ४ गते नेपालगञ्जस्थित भेरी अस्पतालमा भयो। घटनाका आरोपित हालसम्म फरार भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगी बताए।

१५ वर्षीया बालिकालाई ०८० फागुन २गते बलात्कार गरेको भन्दै जानकी गाउँपालिका-५ बस्ने २६ वर्षीय सुरज कोरीविरुद्ध पीडित पक्षले ०८१ वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख ६ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपित हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए।

१७ वर्षीया बालिकालाई ०८० चैत्र १६गते बलात्कार गरेको भन्दै सुर्खेत जिल्लाको गर्भाकोट गाउँपालिका-६ बस्ने २९ वर्षीय चित्रबहादुर भण्डारी विरुद्ध पीडित पक्षले ०८१ वैशाख १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १७गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपित हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए।

१६वर्षीया बालिकालाई ०८१ वैशाख ३०गते बलात्कार गरेको भन्दै जानकी गाउँपालिका-३, राधेपुर्वा बस्ने ३० वर्षीय अर्जुन पासीविरुद्ध पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १२ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपित हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए।

१४ वर्षीया बालिकालाई ०८० चैत्र २५ गते बलात्कार गरेको भन्दै बैजनाथ गाउपालिका-९ घर भई कोहलपुर नगरपालिका ५ मैटहव धुर्कोट होटेलमा लगी ३१ वर्षीय रामसिंह थारुविरुद्ध इलाका प्रहरी कार्यालय कोहलपुरमा बलात्कार आरोपमा ०८१ वैशाख १ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण वैशाख १ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपित फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए।

१४ वर्षीया बालिकालाई ०८० माघ २५ गते यौन दुर्व्यवहार गरेको भन्दै १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ २९ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते भेरी अस्पतालमा भयो। प्रहरीले आरोपितहरुवरुद्ध सरकारी वकील कार्यालय मार्फत जिल्ला अदालतमा फागुन २३ गते बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २४ गतेको आदेशले आरोपितहरुलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१४ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते यौन दुर्व्यवहार गरेको भन्दै नरैनापुर गाउँपालिका-६, कोहला बस्ने २८ वर्षीय करिया भन्ने राम निवाश राढविरुद्ध पीडित पक्षले जेठ ७ गते इलाका प्रहरी कार्यालय, भगवानपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ ४ गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। आरोपितलाई प्रहरीले जेठ ६ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जेठ ३० गते बाल यौन दुरुपयोगगरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधीश रमाकान्त यादवको जेठ ३१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

६ वर्षीया बालिकालाई ०८० चैत २३ गते यौन दुर्व्यवहार गरेको भन्दै कोहलपुर नगरपालिका-११ का ४२ वर्षीय खगेन्द्र गिरीविरुद्ध पीडित पक्षले चैत २४ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २४ गते भेरी अस्पताल,

नेपालगञ्जमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा वैशाख ६ गते बाल यौन दुरुपयोग गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भिष्मराज प्रसाईको इजलाशले जेठ ९ गतेको आदेशले सफाई पाएको जिल्ला अदालतका सुचना अधिकारी सुरेश मल्लले बताए।

१७ वर्षीया बालिकालाई ०८० फागुन १४ गते भारत तर्फ लगी अपहरण, शरीरबन्धक तथा बलात्कार गरेको भन्दै नरैनापुर गाउँपालिका-१ बस्ने २२ वर्षीय शादिल ज्वालाह अन्सारीविरुद्ध पीडित पक्षले०८१ जेठ ११ गते इलाका प्रहरी कार्यालय, भगवानपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३० गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपित फरार रहेकोले खोजी तथा अनुसन्धान भई रहेको इलाका प्रहरी कार्यालय भगवानपुरका इन्स्पेक्टर टोपेन्द्र बुढामगरले बताए।

**बर्दिया**

११ वर्षीया बालिकालाई ०८० चैत्र २१ गते बलात्कार गरेको भन्दै गुलरिया नगरपालिका-४ का २१ वर्षीय अर्जुन सुनारविरुद्ध पीडितले ०८१ वैशाख ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले वैशाख ५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ५ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध वैशाख २७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१० वर्षीया बालिकालाई ०८१ वैशाख ३० गते बलात्कार गरेको भन्दै ३२ वर्षीय काकाविरुद्ध पीडित पक्षले वैशाख ३१ गते इलाका प्रहरी कार्यालय, ढोढरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ३१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३१ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ २३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते बलात्कार गरेको भन्दै ४५ वर्षीय बुवाविरुद्ध पीडित पक्षले जेठ ९ गते इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले जेठ ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ९ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ २९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०८१ वैशाख २७ गते बलात्कार गरेको भन्दै ठाकुरबाबा नगरपालिका-५ का २१ वर्षीय निरज थारुविरुद्ध पीडित पक्षले जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ११ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ७ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध असार ४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको आसर ५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई अन्तिम पटक ०८१ जेठ २ गतेसम्म बलात्कार गरेको भन्दै ४० वर्षीय बुवा र १४ वर्षीय भाइविरुद्ध पीडित पक्षले ०८१ जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले जेठ २७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २७ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितहरूविरुद्ध सरकारी वकिल कार्यालय मार्फत असार १६ गते जबर्जस्ती करणीको अभियोगमा मुद्धा दर्ता ग ऱ्यो। जिल्ला अदालतका न्यायाधीश कलमप्रसाद ज्ञवालीको असार १७ गतेको इजलासले आरोपित बालकलाई अभिभावकको जिम्मा लगाउने आदेश दियो भने आरोपित बुबाविरुद्ध असार १९ गते मुद्धा दर्ता गरेकोमा जिल्ला अदालतको असार २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०८१ जेठ ३२ गते बलात्कार गरेको भन्दै बारबर्दिया नगरपालिका-४ का ४३ वर्षीय जगतवली क्षेत्रीविरुद्ध पीडित पक्षले असार ६ गते इलाका प्रहरी कार्यालय, बानियाभारमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार ५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार ५ गते बर्दिया अस्पताल, गुलरियामा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

११ वर्षीया बालिकालाई ०८१ जेठ ४ गते बलात्कार गरेको भन्दै २८ वर्षीय अमिन थारुविरुद्ध पीडितले जेठ ११ गते इलाका प्रहरी कार्यालय, मोतिपुरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जेठ २० गते बर्दिया अस्पताल, गुलरियामा भयो। आरोपित फरार रहेका छन्।

१२ वर्षीया बालिकालाई ०८१ वैशाख १८ गते यौन दुर्व्यवहार गरेको भन्दै ३४ वर्षीय बुबाविरुद्ध पीडित पक्षले वैशाख १९ गते इलाका प्रहरी कार्यालय, राजापुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत्र १९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १९ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुर्व्यवहारको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १३ गतेको इजलासले आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

आठ वर्षीया बालिकालाई ०८० चैत्र १९ गते यौन दुर्व्यवहार गरेको भन्दै बढैयाताल गाउँपालिका-५ का ५२ वर्षीय ढाकारमा त्रिपाठीविरुद्ध पीडित पक्षले चैत्र २७ गते इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत्र २७ गते बर्दिया अस्पताल, गुलरियामा भयो। घटनाका आरोपित फरार छन्।

१३ वर्षीयालाई ०८१ जेठ २९ गते यौन दुर्व्यवहार गरेको भन्दै मधुवन नगरपालिका-७ का २५ वर्षीय यमबहादुर परियारविरुद्ध पीडित पक्षले जेठ ३० गते इलाका प्रहरी कार्यालय, ढोढरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २९ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध असार २० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुर्व्यवहारको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २१ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

११ वर्षीया बालिकालाई ०८१ जेठ १९ गते यौन दुर्व्यवहार गरेको भन्दै बाँसगढी नगरपालिका-७ का ५२ वर्षीय धनबहादुर सुनारविरुद्ध पीडित पक्षले जेठ २० गते इलाका प्रहरी कार्यालय, मोतिपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २० गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार १३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल यौन दुर्व्यवहारको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १४ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

## बालविवाह

**अर्घाखाँची**

११ वर्षीया बालिकालाई ०८१ वैशाख ३१ गते बालविवाह गरेको भन्दै पाणिनि गाउँपालिका-४, पटौटी गेजाका ३० वर्षीय अम्मर बहादुर रानाविरुद्ध पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १३ गते गिरत्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ १३ गते अर्घाखाँची अस्पताल, सन्धिखर्कमा भयो। प्रहरीले आरोपितविरुद्ध असार ४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बालविवाह गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ५ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

**रुपन्देही**

मर्चवारी गाउँपालिका-७, बगौलीकी १९ वर्षीया शान्ति कहारलाई ०८१ जेठ ३२ गते बालविवाह गरेको भन्दै भारतको महाराजगञ्ज फरेन्द्राका २० वर्षीय राहुल जयसवालविरुद्ध पीडित पक्षले असार २ गते इलाका प्रहरी कार्यालय, मर्चवारमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार २० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बाल विवाह गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २३ गतेको इजलासले आरोपित शान्ति कहारलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो भने राहुल जयसवाललाई पुर्पक्षका लागि थुनामा पठायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसार पसार

**रुपन्देही**

१७ वर्षीया, १८ वर्षीया युवती र २० वर्षीया युवतीलाई ०८१ वैशाख १८ गते राम्रो जागिर लगाइदिने प्रलोभन देखाएर भारत लैजाँदै गरेको भन्दै बुटवल उपमहानगरपालिका-११ का ४२ वर्षीय पानी भन्ने सोनु थापाविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १८ गते गिरफ्तार गऱ्यो। पीडितहरुको स्वास्थ्य परीक्षण वैशाख १८ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ १३ गते सरकारी वकिल कार्यालय मार्फत मानव बेचबिखन तथा ओसार पसार गरेको अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

**बाँके**

२० वर्षीया र २४ वर्षीया महिलालाई ०८१ वैशाख २६ गते १ करोड रुपियाँको प्रलोभन दिइ भारतको

## महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (अप्रिल–जुन २०२४)

| | |
|---|---|
| बलात्कार | ३८ |
| घरेलु हिंसा | ४३० |
| बेचबिखन तथा ओसारपसार प्रयास | ३ |
| बलात्कार प्रयास | १ |
| बेचबिखन तथा ओसारपसार | ३ |
| बहुविवाह | ६ |
| 'बोक्सी'को आरोप | १ |
| जम्मा | ४८० |

लखनउ पठाइदिने भन्दै विभिन्न प्रलोभन देखाएर बेचबिखन गर्नलागेको भन्दै बैजनाथ गाउँपालिका-५, जीगाउँ बस्ने ६५ वर्षीय कर्णबहादुर दमाईविरुद्ध पीडित पक्षलेवैशाख ३० गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दियो। पीडितहरुको स्वास्थ्य परीक्षण वैशाख ३० गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपित फरार रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नारायण डाँगीले बताए।

## बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

### रुकुम पूर्व

अपाङ्गता भएकी ३५ वर्षीया महिलालाई ०८१ वैशाख ८ गते बलात्कार गरेको भन्दै सिस्ने गाउँपालिका-६, रुकुमकोटका २२ वर्षीय नारायण श्रेष्ठविरुद्ध पीडित पक्षले वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ९ गते रुकुम पूर्व जिल्ला अस्पताल, रुकुमकोटमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख २३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश श्री प्रेमप्रसाद न्यौपानेको वैशाख २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### पाल्पा

३५ वर्षीया महिलालाई ०८१ जेठ १२ गते बलात्कार गरेको भन्दै बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका-७ घर भई पाल्पामा कवाडीको काम गर्ने २७ वर्षीय मुकेश महतोविरुद्ध पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालय पाल्पाम उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १३ गते पाल्पा अस्पतालमा भयो। प्रहरीले आरोपितिवरुद्ध असार ५ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको असार ५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### नवलपरासी पश्चिम

१९ वर्षीया युवतीलाई ०८१ जेठ ७ गते बलात्कार गरेको भन्दै भारत देशको उत्तर प्रदेश, महाराजगञ्जका २१ वर्षीय अनिकेत मालीविरुद्ध पीडित पक्षले जेठ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ८ गते नै पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत असार ४ गते जबर्जस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ईश्वरीप्रसाद भण्डारीको सोही दिनको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**रुपन्देही**

३५ वर्षीया महिलालाई ०८१ वैशाख ७ गते बलात्कार गरेको भन्दै कपिलवस्तु जिल्ला तौलिहवा नगरपालिका-९ का ३० वर्षीय अनिल चौधरीविरुद्ध पीडित पक्षले वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २० गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण १९ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ १० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२३ वर्षीया महिलालाई ०८१ वैशाख ८ गते बलात्कार गरेको भन्दै पाल्पा जिल्लाको माथागढी गाउँपालिका-४ का ३४ वर्षीय बालकृष्ण सारुविरुद्ध पीडित पक्षले वैशाख २२ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २३ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २२ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ जेठ १७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको जेठ २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२० वर्षीया महिलालाई ०८१ जेठ १४ गते बलात्कार गरेको भन्दै मायादेवी गाउँपालिका-८, वसडिलवाका २८ वर्षीय अलि हुसेन मुसलमानविरुद्ध पीडित पक्षले जेठ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १४ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार ७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको असार १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२० वर्षीया महिलालाई ०८१ जेठ १४ गते बलात्कार गरेको भन्दै मायादेवी गाउँपालिका-८, वसडिलवाका २८ वर्षीय अलि हुसेन मुसलमानविरुद्ध पीडित पक्षले जेठ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १४ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार ७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको असार १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

५२ वर्षीया महिलालाई ०८१ जेठ १३ गते बलात्कार गरेको भन्दै जिल्ला कपिलवस्तु वाणगंगा नगरपालिका-७, पौवाका ३८ वर्षीय रामशरण थारुविरुद्ध पीडित पक्षले जेठ १४ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १५ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार ३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको असार ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२९ वर्षीया महिलालाई ०८१ जेठ ४ गते बलात्कार गरेको भन्दै लुम्बिनी साँस्कृतिक नगरपालिका-९, रमावापुरका ४५ वर्षीय ऐनुल्लाह मुसलमानविरुद्ध पीडित पक्षले जेठ १४ गते इलाका प्रहरी कार्यालय, लुम्बिनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते भिम अस्पताल, भैरहवामा भयो। घटनाका आरोपित फरार रहेको इलाका प्रहरी कार्यालय, लुम्बिनीका इन्स्पेक्टर कञ्चन तामाङले बताए।

२८ वर्षीया महिलालाई ०८१ वैशाख १९ गते बलात्कार गरेको भन्दै लुम्बिनी साँस्कृतिक नगरपालिका-४, मनोहराका २४ वर्षीय सिकन्दर यादवविरुद्ध पीडित पक्षले जेठ २४ गते इलाका प्रहरी कार्यालय, लुम्बिनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ २४ गते नै भिम अस्पताल, भैरहवामा भयो। उक्त स्वास्थ्य परीक्षण गर्दा पीडितको पेटमा गर्भ रहेको अस्पतालले जनायो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार १५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको असार १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

४५ वर्षीया महिलालाई ०८१ जेठ २० गते बलात्कार गरेको भन्दै पाल्पा जिल्लाको रिब्दीकोट गाउँपालिका-९ घरभई बुटवल उपमहानगरपालिका-११, देवीनगर बस्ने ४४ वर्षीय विष्णुबहादुर रानाविरुद्ध पीडित पक्षले जेठ २८ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २८ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २८ गते नै लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। प्रहरीले आरोपितविरुद्ध

०८१ असार १९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२१ वर्षीया महिलालाई ०८१ जेठ १७ गते बलात्कार गरेको भन्दै सिद्धार्थनगर नगरपालिका-१२ का १८ वर्षीय प्रिन्स गुरु , सिद्धार्थनगर नगरपालिका-६ का २१ वर्षीय रोहित गुप्ता र सिद्धार्थनगर नगरपालिका- ३ का १९ वर्षीय स्पर्श गुप्ताविरुद्ध पीडित पक्षले असार १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले असार १२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १२ गते भिम अस्पताल, भैरहवामा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ असार १० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**कपिलवस्तु**

२५ वर्षीया महिलालाई ०८१ वैशाख ४ गते बलात्कार गरेको भन्दै बुद्धभूमी नगरपालिका-४, बुड्डीका २८ वर्षीय रोहित थारुविरुद्ध पीडित पक्षले असार २३ गते इलाका प्रहरी कार्यालय, गोरुसि ेमा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार २० गते कपिलवस्तु अस्पताल, तौलिहवामा भयो। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

**दाङ**

२५ वर्षीया महिलालाई ०८१ वैशाख १ गते बलात्कार गरेको भन्दै तुलसीपुर उपमनगरपालिका-१३ का ४१ वर्षीय मानबहादुर सुनारविरुद्ध पीडित पक्षले वैशाख २ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख २ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध ०८१ वैशाख २४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१८ वर्षीया महिलालाई ०८० चैत २५ गते बलात्कार गरेको भन्दै राजपुर गाउँपालिका-५ का २२ वर्षीय धर्मेन्द्र भन्ने धरविन्दर यादवविरुद्ध पीडित पक्षले ०८१ वैशाख ३१ गते वडा प्रहरी कार्यालय, लमहीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ३१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३१ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ २० गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

६६ वर्षीया महिलालाई ०८१ जेठ ९ गते बलात्कार गरेको भन्दै महाराजगञ्ज नगरपालिका-२, कपिलवस्तुका ३४ वर्षीय शिवकुमार कुर्मीविरुद्ध पीडित पक्षले जेठ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १० गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ ३२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३४ वर्षीया महिलालाई ०८० चैत २४ गते बलात्कार गरेको भन्दै धरान स्थायी घर भइ हाल घोराही उपमहानगरपालिका-१४ बस्ने २७ वर्षीय प्रदीप राईविरुद्ध पीडित पक्षले ०८१ जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ १३ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। घटनाका आरोपित हालसम्म फरार भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी जनकबहादुर मल्लले बताए।

२१ वर्षीया महिलालाई ०८१ असार १ गते बलात्कार गरेको भन्दै गढवा गाउँपालिका-४ का ३५ वर्षीय दिपेन्द्र यादवविरुद्ध पीडित पक्षले असार २ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। आरोपितलाई प्रहरीले असार २ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार २ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध असार २४ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २५ गतेको इजलासले आरोपितलाई १ लाख ७५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

१८ वर्षीया महिलालाई ०८१ जेठ १९ गते बलात्कार गरेको भन्दै राजपुर गाउँपालिका-५ का २१

वर्षीय शिवम यादवविरुद्ध पीडित पक्षले जेठ २२ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २२ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध असार १६ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२० वर्षीया महिलालाई ०८१ जेठ २२ गते बलात्कार गरेको भन्दै राप्ती सोनारी गाउँपालिका-१ का ३४ वर्षीय इश्वरराज अहिरविरुद्ध पीडित पक्षले जेठ २५ गते इलाका प्रहरी कार्यालय, भालुवाङमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ २५ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। घटनाका आरोपित हालसम्म फरार भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी जनकबहादुर मल्लले बताए।

१८ वर्षीया युवतीलाई ०८१ जेठ १२ गते बलात्कार गरेको भन्दै राप्ती गाउँपालिका-४ का १६ वर्षीय बालक र १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले जेठ १४ गते इलाका प्रहरी कार्यालय, भालुवाङमा उजुरी दियो। आरोपितहरुलाई प्रहरीले जेठ १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ ३२ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३२ गतेको इजलासले १६ वर्षीय बालकलाई पुर्पक्षका लागि बालसुधार गृह, नेपालगञ्जमा पठायो भने १७ वर्षीय बालकलाई साधारण तारेखमा रिहा गऱ्यो।

**बाँके**

३७ वर्षीया महिलालाई ०८१ जेठ १२ गते वैवाहिक बलात्कार गरेको भन्दै नेपालगञ्ज उपमहानगरपालिका-६ बस्ने पति ३६ वर्षीय हिकमत पौडेलविरुद्ध पीडित पक्षले जेठ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जेठ २० गते भेरी अस्पताल, नेपालगञ्जमा भयो। घटनाका आरोपित हालसम्म फरार भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी नरायण डाँगीले बताए।

**बर्दिया**

२७ वर्षीया युवतीलाई ०८० चैत्र २२ गते बलात्कार गरेको भन्दै गुलरिया नगरपालिका-६ का ५७ वर्षीय सलिम अहमत मनियारविरुद्ध पीडितले चैत्र २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत्र २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत्र २२ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध वैशाख १७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१८ वर्षीया युवतीलाई ०८१ जेठ २७ गते बलात्कार गरेको भन्दै गुलरिया नगरपाकि नगरपालिका-९ का १८ वर्षीय करण कुशवन्दीयाकविरुद्ध पीडितले जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले जेठ २७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २७ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध असार १९ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२३ वर्षीया महिलालाई ०८१ जेठ २९ गते बलात्कार गरेको भन्दै गुलरिया नगरपालिका-१ का ४० वर्षीय राकेश कुमार बन्जाराविरुद्ध पीडित पक्षले जेठ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ३० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ ३० गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध असार २३ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

३७ वर्षीयालाई ०८१ जेठ २० गते बलात्कार गरेको भन्दै बारबर्दिया नगरपालिका-४ का ३५ वर्षीय कमल थारुविरुद्ध पीडित पक्षले जेठ २२ गते इलाका प्रहरी कार्यालय, बारबर्दियामा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत्र २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २१ गते बर्दिया अस्पताल, गुलरियामा भयो। प्रहरीले आरोपितविरुद्ध असार ५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ६ गतेको इजलासले आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

२३ वर्षीया युवतीलाई ०८० चैत्र २७ गते बलात्कार गरेको भन्दै बासगढी नगरपालिका-७ का २६

वर्षीय श्याम थारुविरुद्ध पीडित पक्षले जेठ १६ गते इलाका प्रहरी कार्यालय, मोतिपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले ०८१ जेठ १६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १६ गते बर्दिया अस्पताल, गुलरियामा भयो। आरोपितविरुद्ध प्रहरीले असार ७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जबर्जस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१९ वर्षीया युवतीलाई ०८० चैत्र ३० गते बलात्कार प्रसाय गरेको भन्दै भारत उत्तरप्रदेश श्राबस्ती का ४३ वर्षीय नेतराम कश्यवविरुद्ध पीडित पक्षले ०८१ वैशाख २ गते इलाका प्रहरी कार्यालय, ढोढरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख १ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १ गते बर्दिया अस्पताल, गुलरियामा भयो। आरोपितविरुद्ध प्रहरीले वैशाख २५ गते गसरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बलात्कार प्रयास गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

## अमानवीय व्यवहार

### पाल्पा

४३ वर्षीया महिलालाई ०८१ जेठ ६ गते बोक्सी भन्दै कुटपिट गरेको भन्दै बगनासकाली गाउँपालिका-९, चापपानी ग्वासिङका २९ वर्षीय पदम बस्यालविरुद्ध पीडित पक्षले जेठ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ ९ गते गिरफ्तार गऱ्यो। आरोपितले पीडितको आँखामा बोक्सी देखिएको र उक्त बोक्सी भगाउने भन्दै पीडित महिलालाई लौरा र हातले कुटपिट गरी शरीर भरी निलडाम गराएको पीडित पक्षले जनायो। पीडितको स्वास्थ्य उपचार जेठ ८ गते पाल्पा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जेठ ३१ गते जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा बोक्सी आरोपमा कुटपिट गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको जेठ ३१ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

### बाँके

बर्दिया जिल्लाको बाँसगढी गाउँपालिका-४, नेवादा घर भई नेपालगञ्ज उपमहानगरपालिका-१२, मुक्तीनगर बस्दै आएकी ३२ वर्षीया गर्भवती महिलालाई ०८१ जेठ ३ गते जातीय विभेद गरी बोक्सी भन्दै कुटपिट गरेको भन्दै पति ३० वर्षीय नवराज मल्ल, नेपालगञ्ज उपमहानगरपालिका-१२ की ४२ वर्षीया अनिता थापा तामाङ, सोही ठाउँकी २१ वर्षीया आँचल तामाङ, १८ वर्षीया आरोसी तामाङ, ५० वर्षीय म   ल तामाङ, २६ वर्षीया पुष्पा चौधरी र २८ वर्षीया पुजा मल्ल विरुद्ध पीडित पक्षले ०८१ जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले जेठ १६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य उपचार जेठ १६ गते नेपालगञ्जस्थित भेरी अस्पतालमा भयो। आरोपितहरूले पीडितको स्वास्थ्य उपचार गराइदिने सर्तमा सोही दिन मिलापत्र भयो।

## परिवारजनबाट हत्या

### नवलपरासी पश्चिम

रामग्राम नगरपालिका-१६, सबुनी निवासी २९ वर्षीया ललिता कोँहारलाई ०८१ वैशाख २१ गते रातको समयमा घरमै कुटपिट गरी हत्या गरेको भन्दै पति ३१ वर्षीय जोखन कोहाँरविरुद्ध मृतकका ससुरा राधेश्याम कोँहारले वैशाख २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। फरार आरोपितलाई प्रहरीले वैशाख २४ गते गिरफ्तार गऱ्यो। शवको पोस्टमार्टम वैशाख २२ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। मृतको ससुरा राधेश्याम कोँहारले शव सोही दिन बुझी सदगत् गऱ्यो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा जेठ १६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामामा पठायो।

सुस्ता गाउँपालिका-३, मर्चहवा निवासी ५१ वर्षीय तिलकधारी चमारलाई ०८० चैत १८ गते सम्पत्ति विवादका कारण कुटपिट गरी गम्भीर घाइते बनाइ हत्या गरेको भन्दै भतिजो २७ वर्षीया सन्तराम चामरविरुद्ध पीडित पक्षले चैत १८ गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १८ गते गिरफ्तार गऱ्यो। शवको पोस्टमार्टम वैशाख २ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो। मृतको भाई पतिराम चमारले शव सोही दिन बुझी सदगत् गऱ्यो। प्रहरीले आरोपितिवरुद्ध सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा वैशाख २४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

### दाङ

घोराही उपमनगरपालिका-१८ का ५५ वर्षीय ओविराम वलीलाई ०८१ वैशाख २६ गते हत्या गरेको

भन्दै ४२ वर्षीया पत्नी होतिकुमारी वलीविरुद्ध पीडित पक्षले वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २७ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम वैशाख २७ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा भयो। मृतकका छोराले शव बुझेर सोहीदिन सदगत् गरे। प्रहरीले आरोपितविरुद्ध सरकारी वकील कार्यालय मार्फत जिल्ला अदालतमा वैशाख २७ गते कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

सिस्ने गाउँपालिका-६, रुकुमपूर्व घर भइ दाङको तुलसीपुर उपमहानगरपालिका-६ डेरा गरी बस्ने ३१ वर्षीया पूर्वपत्नी टिका रावतलाई ०८१ जेठ २५ गते हत्या गरेको भन्दै कपुरकोट गाउँपालिका-६ घर भइ ज्वाला दल गण बारामा कार्यरत नेपाली सेनाका सहायक अमलदार ३६ वर्षीय शालिकराम बुढाथोकीविरुद्ध पीडित पक्षले जेठ २५ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २५ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम जेठ २६ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा गरी शव आफन्तले बुझेर जेठ २६ गते परम्पराअनुसार सदगत् गरे। प्रहरीले आरोपितविरुद्ध असार १७ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा कर्तव्य ज्यान सम्बन्धी मुद्धा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

गढवा गाउँपालिका-२ की २१ वर्षीया कमला चौधरीलाई ०८१ जेठ २७ गते हत्या गरेको भन्दै पति ३६ वर्षीय रञ्जित चौधरीविरुद्ध पीडित पक्षले जेठ २७ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ २७ गते गिरफ्तार गऱ्यो। घरासयी विवाद हुँदा कराइ प्रहारबाट गम्भीर घाइते कमलाको बुटवलस्थित क्रिमसन हस्पिटलमा उपचारको क्रममा जेठ २७ गते निधन भयो। शवको पोष्टमार्टम जेठ २७ गेत लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भएपछि परिवारले बुझेर परम्पराअनुसार सदगत् गरे। घटनाका आरोपित प्रहरीको हिरासतमा छन्।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**लुम्बिनी प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : भोला महत, **संयोजन/सम्पादन** : सोम नेपाली, **व्यवस्थापक** : खिमलाल भट्टराई

नेपालगञ्ज उपमहानगरपालिका-१२, एसओएस मार्ग, बाँके, फोन : ०८१-४१५३४३

इमेल : nepalgunj@insec.org.np, Website : www.inseconline.org